*आ.व. २०७६/०७७ को पाँचौ बैठक*

आज मिति २०७६ साल कात्तिक २९ गते बिहान ८:३० बजे राप्ती गाउँ कार्यपालिकाका अध्यक्ष श्री नुमानन्द सुवेदीज्यूको अध्यक्षता र तपसिल बमोजिमका सदस्यज्यूहरुको उपस्थितिमा गाउँ कार्यपालिकाको बैठक वस्यो । बैठकको उपस्थिति प्रस्ताव एवं निर्णयहरु तपसिल बमोजिम रहेका छन ।

उपस्थिति

अध्यक्ष श्री नुमानन्द सुवेदी, राप्ती गाउँकार्यपालिका ।

उपाध्यक्ष श्री जगदम्वाकुमारी चौधरी ,राप्ती गाउँ कार्यपालिका ।

सदस्य श्री टेकबहादुर कुमाल,राप्ती गाउँ कार्यपालिका ।

सदस्य श्री बेदप्रसाद चौधरी, राप्ती गाउँ कार्यपालिका ।

सदस्य श्री विष्णुबहादुर घर्ति क्षेत्री, राप्ती गाउँ कार्यपालिका ।

सदस्य श्री कुवारी देवी कार्की, राप्ती गाउँ कार्यपालिका ।

सदस्य श्री जगतबहादुर थापा, राप्ती गाउँकार्यपालिका ।

सदस्य श्री विष्णु गुरुङ्ग, राप्ती गाउँकार्यपालिका ।

सदस्य श्री ताराबहादुर डि.सी, राप्ती गाउँकार्यपालिका ।

सदस्य श्री गोकर्णबहादुर रानामगर, राप्ती गाउँकार्यपालिका ।

सदस्य श्री गोवर्धन रावत, राप्ती गाउँकार्यपालिका ।

सदस्य श्री विद्याशरण चौधरी, राप्ती गाउँकार्यपालिका ।

सदस्य श्री सुनितामल्ल, राप्ती गाउँकार्यपालिका ।

सदस्य श्री ताराकुमारी चौधरी, राप्ती गाउँकार्यपालिका ।

सदस्य श्री चन्दर चौधरी, राप्ती गाउँकार्यपालिका ।

सदस्य श्री रिमबहादुर सुनारी मगर, राप्ती गाउँकार्यपालिका ।

सदस्य श्री संजिव परियार, राप्तीगाउँ कार्यपालिका ।

सदस्य सचिव श्री राम प्रसाद शर्मा, राप्ती गाउँ कार्यपालिका ।

आमन्त्रित

श्री महेश अधिकारी पशु विकास अधिकृत ।

श्री विश्वास वि.क. शाखा अधिकृत ।

श्री नारायण राउत स्वास्थ्य संयोजक ।

## प्रस्तावहरु

१. सडक बोर्ड नेपालबाट प्राप्त हुने रु ७ लाखबाट सञ्चालन गरिने आयोजना
२. घरनक्सा अभिलेखीकरण सम्बन्धमा (थुप्रिएका फाइलहरु)
३. श्रीनारायण चोकदेखि देवीकोट जाने सडकमा राखिएका श्रमिकको पारिश्रमिक भुक्तानी सम्बन्धमा
४. खानेपानी सरसफाई तथा स्वच्छता कार्यविधी योजना अनुसारको कार्यक्रम कार्यान्वयन सम्बन्धमा
५. दाङ मार्शल आर्टस हाप्किडो संघको पत्र सम्बन्धमा
६. योजनाको वडागत सम्झौता सम्बन्धमा
७. जेष्ठ नागरिक सम्मान कार्यक्रम र न्यानो लुगा वितरण कार्यक्रमको मितितय सम्बन्धमा
८. विविध

## निर्णयहरु

निर्णय नं १

सडक बोर्ड नेपालबाट प्राप्त हुने रकम रु ७ लाखबाट निम्न आयोजना गर्ने निर्णय गरियो:

१. वडा नं ३ को मसुरिया खुरुरिया जाने सानो नदीमा कलभर्ट

२. भुल्के जाने गन्जुवा खोलामा कलभर्ट निर्माण गर्ने निर्णय गरियो ।

निर्णय नं २

घरनक्सा पास गर्ने सम्बन्धमा वडा नं १ का प्राविधिकले सेवा करार अन्त्य गरि सेवाबाट अलग भएको र आयोजनाको लागत स्टिमेट तथा घरको अभिलेखिकरणका लागि आवश्यक पर्ने नक्सा निर्माण गर्नुपर्ने भएको हुँदा लोक सेवा आयोगबाट पदपूर्ति नभएसम्मका लागि प्राविधिक गाउँपालिकाबाट छनौट गर्ने निर्णय गरियो ।

निर्णय नं ३

श्रीनारायण चोकदेखि देवीकोट जाने सडकमा राखिएका श्रमिकको पारिश्रमिक गाउँपालिकाको मर्मत सुधार कोषबाट प्रदान गर्ने निर्णय गरियो ।

निर्णय नं ४

खानेपानी सरसफाई तथा स्वच्छतन कार्यविधी योजना अनुसारको कार्यक्रम कार्यान्वयन सम्बन्धमा छलफल गर्दा प्रत्येक वडाको तथ्याङ्क संकलन गर्नको लागि प्रत्येक वडामा सम्बन्धीत वडाले आवश्यकताको आधारमा तथ्याङ्क संकलक (गणक) छनौट वडा कार्यालयको सिफारिसमा गाउँपालिकाबाट नियुक्ति गर्ने र छनौट भएका कर्मचारीको लागि तलब सुविधा पहाडी भाग तर्फ रु. ६०। का दर र तराई भागमा रु ५०। का दरले खानेपानी शीर्षकको स्रोत व्यवस्थापन गर्ने निर्णय गरियो ।

निर्णय नं ५

दाङ मार्शल आर्टस तथा हप्किडो संघको पत्र सम्बन्धमा छलफल गर्दा उक्त संघलाई रु. १५,०००।– सहयोग स्वरुप प्रदान गर्ने निर्णय गरियो ।

निर्णय नं ६

वडा कार्यालय अन्तरगतका योजनाहरुको सम्झौता सम्बन्धीत वडाहरुमा नै गई उपभोक्ता समितिका पदाधिकारी र प्रमुख प्रशासकीय अधिकृत बीच सम्पन्न गर्ने निर्णय गरियो ।

निर्णय नं ७

जेष्ठ नागरिक सम्मान कार्यक्रम अन्तरगत ८४ वर्ष वा सो भन्दा माथिका गाउँपालिका अन्तरगका नागरिकलाई र न्यानो लुगा वितरण कार्यक्रमको मिति २०७६ मंसिर १५ गतेभित्र सम्पन्न गरिसक्ने निर्णय गरियो ।

निर्णय नं ८

विविध सम्बन्धमा छलफल गर्दा निम्नानुसार निर्णय गरियो:

क. सिसहनिया पुलिस विटको लागि प्रति महिना १० लिटर पेट्रोल उपलब्ध गराउने निर्णय गरियो ।

ख. स्वास्थ्य सम्बन्धी नियमावली निर्माणका लागि प्राविधिक कार्यसमिति गठन गर्ने गरी सन्दर्भमा छलफल गर्दा निम्नानुसार गठन गर्ने निर्णय गरियो:

सामाजिक विकास समितिका संयोजक-- संयोजक

स्वास्थ्य चौकी भालुवाङ र सिसहनियाका अध्यक्ष -- सदस्य

मेडिकल अधिकृतहरु मध्येबाट एक जना-- सदस्य

विश्वास वि.क. शिक्षा, युवा तथा खेलकुद शाखाको संयोजक-- सदस्य

स्वास्थ्यका लागि सक्षम प्रणालीबाट एक जना-- सदस्य

स्वास्थ्य संयोजक-- सदस्य सचिव